जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक २०७ • २०८३ जेठ ४ गते सोमवार • 18 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरीको सीमामा लाइनको खेल

# भारतीय एसएसबीले दैनिक समात्छ तस्करीका सामान, नेपाली सुरक्षा संयन्त्र मौन

मो.इर्शाद
महोत्तरी, ३ जेठ




महोत्तरीमा सिमा सुरक्षामा खटिएका सरोकारवाला प्रहरीलाई लाईन मिलाएर संगठितरुपमै तस्करी हुने गरेको पछिल्लो केहि घटनाले छर्लङ भएको छ । महोत्तरीको विभिन्न नाकामा सिमासुरक्षार्थ खटिएको प्रहरीले महोत्तरीका नाकाभएर तस्करीका सामान सहजै लाइन मिलाएर जान दिने र भारतीय एसएसवीले ती सामानहरु वरामद गरेको दर्जन भन्दा बढी घटनाले सिमा सुरक्षार्थ खटिएको सुरक्षाकर्मीको चरित्र छर्लग पारेको छ । दुई साता मात्रको तथ्यांक हेर्ने हो भने भारतीय एसएसवीले महोत्तीको विभिन्न नाका भएर पारि छिरेको सामान वरामद भएको घटनाले यस्को पुष्टि हुन्छ ।

नेपाल-भारत सीमामा तस्करी नियन्त्रणका लागि खटिएका सुरक्षा निकायको भूमिका माथि गम्भीर प्रश्न उठ्न थालेको छ । पछिल्ला केही साता यता भारतीय सशस्त्र सीमा बल ( एसएसबी) ले महोत्तरीसँग जोडिएका विभिन्न सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा गाँजा, मदिरा, स्याउ तथा अन्य अवैध सामान बरामद गरेपछि नेपाली पक्षको सीमा सुरक्षा प्रणालीमाथि नै प्रश्न चिन्ह खडा भएको हो । भारतीय सुरक्षाकर्मीले एकपछि अर्को गर्दै तस्करीका सामान नियन्त्रणमा लिइरहँदा नेपाली सुरक्षा निकाय भने मौन देखिएको भन्दै स्थानीयवासी, बुद्धिजीवी तथा सीमा सरोकारवालाले “लाईन मिलाएर संगठित रूपमा तस्करी भइरहेको” आशंका व्यक्त गर्न थालेका छन् । शनिबार मात्र भारतीय एससएसवीले सिर्सिया डिमाही पिलर नं. ३१० बाट स्याउ लोड गरिएको पिकअप पक्राउ गरेको छन भने बिहिबारका दिन सितामढी जिल्लाको सुरसण्डबाट १४२ किलो लागु औषध गाँजा सहित दुई जनालाई पक्राउ गरेको हो । यसैगरि शुक्रबार दिन विहारमा प्रतिबन्धित ४४.७ लिटर मदिरा सिमा स्तम्भ ३०४/१ बाट एक जना पक्राउ , भारतीय एससवीको ५१ औ बटालियनद्वारा शुक्रबार भिटामोडबाट मोटरसाईकलमा लगि रहेको भारि मात्रमा मदिरा बरामद, बैशाख २५ गतेका दिन १७८ वोतल नेपाली मदिरा बरामद , बैशाख २२ गते पिलर संख्या ३०७ बाट ७२० वोतल नेपाली मदिरा बरामद , बैशाख २२ गतेका दिन ३ किलो चरेस सहित २ मोटरसाईकल र दुइ व्यक्ति पक्राउ , बैशाख २१ गतेकै दिन ७८० लिटर मदिरा पक्राउ लगायतका दर्जनौ घटनामा वरामद भएको तस्करीका सामग्री महोत्तरीकै सिमा भएर भारत छिरेको भारतीय अनलाई न्युज पोर्टलहरुमा उल्लेख रहेको छ । स्थानीय बुद्धिजीवीहरू प्रश्न गर्छन– “भारतीय एसएसबीले समातेका सामान आकाशबाट उडेर भारत पुगेका होइनन्, महोत्तरीकै सडक प्रयोग गरेर सीमासम्म पुगेका हुन् ।” उनीहरूका अनुसार सीमामा चौबीसै घण्टा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायको उपस्थिति रहने क्षेत्रबाट पटक-पटक यति ठूलो परिमाणमा अवैध सामान पार हुनु सामान्य घटना हुनै सक्दैन । स्थानीयवासीको आरोप छ– “लाईन मिलाएका” तस्करका सामान सहजै सीमा पार गराइन्छ, तर सामान्य व्यापारी र सर्वसाधारण भने अनावश्यक दु:ख पाउने गरेका छन् । भारतीय एसएसवीले महोत्तरीकै सिमाको सडक भएर गएका तस्करीका सामान पटक पटक पक्रीनु र नेपाली सिमासुरक्षामा खटिएका प्रहरीले देखेर पनि नदेखे झै गर्नुले लाईन मिलाएर तस्करी हुने गरेको प्रमाणित हुन्छ । भारतीय एसएसवीले पक्राउ गरेको गाँजा लोड गरि सवारी मुल नाका भएरै पारि छिर्ने गरेको भारतीय एसएसवीहरु बताउँछन ।

भारतीय एसएसवीले पक्राउ गरेका समानहरु उडेर होइन महोत्तरीकै सडक भएर गुडेर नै गएको स्थानिय वुद्धजिवीहरुको भनाई रहेको छ । तर लाईन (लेनदेन गरेका)मिलाएका तस्करीका सामन सहजै सिमा कटने र लाईन नमिलाएका वैद्य व्यपारिलाई दु:ख दिने गरेको पछिल्लो केहि घटनाले प्रस्ट हुन्छ । सीमामा खटिएका सुरक्षा निकाय पूर्ण रूपमा असफल भएका हुन् वा आर्थिक लेनदेनपछि संगठित रूपमा तस्करीलाई संरक्षण दिइएको हो भन्ने प्रश्न अहिले गम्भीर रूपमा उठ्न थालेको छ । विशेषगरी गाँजा, मदिरा र अन्य प्रतिबन्धित सामान मुख्य नाकाबाटै भारत प्रवेश गरिरहेको भारतीय सुरक्षाकर्मीहरूको दाबीले नेपाली सुरक्षा संयन्त्रमाथि थप दबाब सिर्जना गरेको छ । सीमा विषयका जानकारहरू महोत्तरीको सीमा क्षेत्र अहिले “संगठित तस्करीको ट्रान्जिट करिडोर” बन्दै गएको बताउँछन् । उनीहरूका अनुसार सीमामा हुने अवैध कारोबारले

बांकी पृष्ठ २ मा ।







## जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लघंन हो- यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

**समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाशको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि





# राष्ट्रिय गौरव शब्दको सार्थकता

सरकारले राष्ट्रिय गौरवका आयोजनाहरूको वर्तमान सूचीलाई निर्मम ढंगले पुनरावलोकन गरी ठोस वर्गीकरण र घटुवाको नीति अख्तियार गर्नुको विकल्प नरहेको देखिन्छ। जसअनुसार कामै हुन नसकेका, वर्षौंदेखि रुग्ण बनेका र सम्भाव्यता कम भएका आयोजनाहरूलाई राष्ट्रिय गौरवको प्रतिष्ठित सूचीबाट तत्काल हटाएर सामान्य वा प्रादेशिक आयोजनामा रूपान्तरण गरिनुपर्ने देखिन्छ। देशको आर्थिक रूपान्तरणमा रणनीतिक महत्व राख्ने र नेपालकै पहिलो अनुभव तथा गौरव बोकेको काठमाडौं-तराई द्रुतमार्ग जस्ता रणनीतिक र सम्भाव्य आयोजनाहरूलाई मात्र यो सूचीमा कायम राख्नुपर्ने देखिन्छ। राजनीतिक भागबन्डा र सस्तो लोकप्रियताका लागि थपिएका साना प्रकृतिका क्रिकेट रंगशाला वा सामान्य प्रसारण लाइन जस्ता आयोजनाहरूलाई गौरवको सूचीबाट घटुवा गरी केही समयका लागि कामै अघि बढ्न नसकेका आयोजनाहरूलाई पूर्णरूपमा स्थगन गरिनुपर्ने देखिन्छ।

यसरी आयोजनाहरूको संख्या कटौती गरी सीमित र रणनीतिक रूपमा महत्वपूर्ण आयोजनाहरूमा मात्रै राज्यको ध्यान केन्द्रित गर्दा सरकारलाई पर्ने वित्तीय र प्रशासनिक भार निकै कम हुन जाने देखिन्छ। यसरी संकुचित गरिएको सूचीका आयोजनाहरूमा उपलब्ध साधन, पर्याप्त बजेट, प्राविधिक जनशक्ति र राज्यको सम्पूर्ण शक्ति एकमुष्ट रूपमा केन्द्रित गर्न सकेमा मात्र ठूला आयोजनाहरू निश्चित समयभित्रै सफलता पूर्वक सम्पन्न हुन सक्ने देखिन्छ। अनि मात्र राष्ट्रिय गौरव शब्दको वास्तविक गरिमा र व्यावहारिक सार्थकता कायम रहनेछ।

# जानकी मन्दिरलाई विश्वसम्पदामा सूचीकृत गर्न प्रधानमन्त्रीसमक्ष माँग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३ जेठ**



श्री राधाकृष्ण योग सेवा केन्द्रका केन्द्रीय अध्यक्ष तथा वैदिक पुरोहित विनय भाइले बालेन्द्र शाह समक्ष जानकी मन्दिर र पावन मिथिला भूमिलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्न माग गरेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्बोधन गर्दै पठाइएको ज्ञापनपत्रमा मिथिला भूमि केवल ऐतिहासिक क्षेत्र नभई धर्म, संस्कृति र आध्यात्मिक चेतनाको केन्द्र भएको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा जानकी मन्दिरले विश्वलाई करुणा, त्याग, मर्यादा र नारी सम्मानको सन्देश दिँदै आएको उल्लेख गर्दै यसको संरक्षण र प्रवर्द्धनलाई राष्ट्रिय दायित्वका रूपमा अघि बढाउनुपर्नेमा जोड दिइएको छ। ज्ञापनपत्रमार्फत जानकी मन्दिरको वैदिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक अनुसन्धान, प्रमाण संकलन तथा कूटनीतिक पहल तत्काल सुरु गर्न आग्रह गरिएको छ। त्यसैगरी मन्दिर व्यवस्थापनलाई राजनीतिक प्रभावमुक्त बनाउनुपर्ने, धार्मिक तथा सांस्कृतिक गतिविधि निष्पक्ष र पारदर्शी ढंगले सञ्चालन गर्नुपर्ने माग पनि गरिएको छ।

ज्ञापनपत्रमा महिला वैदिक विद्वान तथा योग्य महिला पुरोहितको धार्मिक अनुष्ठानमा सहभागिता सुनिश्चित गर्नुपर्ने विषयसमेत उठाइएको छ। विनय भाइले मिथिला र जानकी मन्दिरको ऐतिहासिक तथा आध्यात्मिक पहिचान उजागर गर्न वेद, उपनिषद् र रामायणका आधारमा उच्चस्तरीय वैदिक शास्त्रार्थ आयोजना गर्नुपर्ने सुझाव दिएका छन्। साथै, सबै वर्ग, समुदाय र परम्पराको प्रतिनिधित्व हुने गरी समावेशी 'वैदिक धर्म-संस्कृति संरक्षण परिषद्' गठन गर्नुपर्ने माग गरिएको छ। ज्ञापनपत्रमा जनकपुरधामको मौलिक संस्कार, संस्कृति र वैदिक परम्परा संरक्षणका लागि यज्ञशाला, गौशाला, गुरुकुल तथा वेदाचार्य व्यवस्थापन आवश्यक रहेको उल्लेख गरिएको छ। उक्त ज्ञापनपत्रको बोधार्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मधेश प्रदेश सरकार तथा प्रतिनिधिसभा सदस्य मनिष झा लाई समेत दिइएको जनाइएको छ।

# एकडारामा आम समुदाय तथा युवा वर्गसँग सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ जेठ**

महोत्तरीको एकडारा गाउँपालिकामा स्थानीय विकास, युवा सहभागिता र सुशासनका सवालमा केन्द्रित रही एक विशेष सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ।

एकडारा गाउँपालिका वडा नम्बर २, बेलास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयको प्राङ्गणमा आइतबार 'आम समुदाय तथा युवा वर्गसँग सार्वजनिक सुनुवाइ' कार्यक्रम सम्पन्न भएको हो। लोक कल्याण परियोजना, एकडाराको आयोजना तथा एकडारा गाउँपालिका वडा नम्बर २ को सहयोगमा चालू आर्थिक वर्ष २०८२/०८३ को लक्षित कार्यक्रम अन्तर्गत सो कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रममा सहभागी युवा तथा स्थानीय सर्वसाधारणले वडाको विकास बजेट, शिक्षा, स्वास्थ्य र युवा स्वरोजगारका क्षेत्रमा भइरहेका प्रयासहरूबारे

बांकी पृष्ठ ४ मा।

# हलुवाई समाज नेपाल धनुषाको प्रथम जिल्ला अधिवेशन सम्पन्न, प्रमोद कुमार साह अध्यक्षमा चयन



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३ जेठ**

हलुवाई समाज नेपाल धनुषाको प्रथम जिल्ला अधिवेशन जनकपुरधामस्थित रघुपति पैलेशमा भव्य तथा सफल रूपमा सम्पन्न भएको छ। अधिवेशनले प्रमोद कुमार साहको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ। कार्यक्रमका प्रमुख अतिथि हलुवाई समाज नेपाल मधेस प्रदेशका अध्यक्ष राम शंकर साह रहेका थिए भने अधिवेशनको अध्यक्षता हरि नारायण गुप्ताले गरेका थिए। कार्यक्रममा वक्ताहरूले समाजको एकता, संगठन विस्तार तथा सामाजिक सशक्तीकरणमा नयाँ कार्यसमितिको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गरेका थिए।

नवगठित कार्यसमितिको उपाध्यक्षमा किसन कुमार साह, अशोक प्रसाद साह तथा राम आशिष

बांकी पृष्ठ ४ मा।

## भारतीय एसएसबीले दैनिक......................

राज्यको राजस्वमात्र होइन, सुरक्षा प्रणालीकै विश्वसनीयता माथि गम्भीर असर पुर्या इरहेको छ। सिमा सम्बन्धि जानकारहरुले महोत्तरीको सिमा भएर हुने तस्करीले सिमानै नाघि सकेको तर्क गर्नु हुन्छ। लगातार सार्वजनिक भइरहेका घटनापछि सीमामा खटिएका प्रहरी तथा सशस्त्र प्रहरीको भूमिकामाथि निष्पक्ष छानबिन हुनुपर्ने माग स्थानिय स्तरमा उठ्न थालेको छ। स्थानीय सरोकारवालाहरू भन्छन्, "यदि नेपाली सुरक्षा निकायले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निभाएको भए भारतीय पक्षले यति धेरै सामान समात्ने अवस्था नै आउने थिएन।" महोत्तरीको सीमा क्षेत्र अहिले सुरक्षा संवेदनशीलताभन्दा बढी 'सेटिङ र तस्करीको रुट' का रूपमा चिनिन थालेको भन्दै स्थानीयले तत्काल कडा निगरानी र कारबाहीको माग गरेका छन्।

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: अनावश्यक चिन्ता
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: शुभ कार्यको शुरुवात
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: पिछडेको साथी मिल्ने
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जलेश्वर नगरपालिकामा स्थानीय योजना तर्जुमा प्रक्रियामा बालसहभागिता सम्बन्धी नगरस्तरीय बालभेला सम्पन्न

मो.इर्शाद
महोत्तरी, ३ जेठ



जलेश्वर नगरपालिकामा स्थानीयस्तरको योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने उद्देश्यले नगरपालिकास्तरीय भेला सम्पन्न भएको छ। कार्यक्रममा विभिन्न स्थानीय विद्यालयका बालबालिकाहरूको सक्रिय सहभागिता रहेको थियो।

भेलामा सहभागी बालबालिकाहरूले पालिकाभित्र हालसम्म भएका विकास निर्माणका कार्य तथा आगामी दिनमा गर्नुपर्ने विकासका प्राथमिकताहरू समेटेर चार्ट तयार पारी स्थानीय जनप्रतिनिधिसँग छलफल गरेका थिए। बालबालिकाहरूले शिक्षा, सडक, खानेपानी, सरसफाइ, खेलमैदान लगायतका विषयमा आफ्ना धारणा र आवश्यकताहरू प्रस्तुत गरेका थिए। कार्यक्रममा नगरपालिकाकी उपमेयर रोशन खातुनले बालबालिकाबाट उठाइएका सबै माग तथा सुझावलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरिन्। त्यस्तै शिक्षा शाखा प्रमुख कृति कर्णले पनि बालमैत्री योजना निर्माणमा नगरपालिका प्रतिबद्ध रहेको बताइन्। त्यस्तै, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विश्वनाथ यादवले योजना तर्जुमा प्रक्रियामा बालबालिकाको आवाज समेटिनु अपरिहार्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "अबदेखि नगरपालिकाका विभिन्न विषयगत शाखाहरूले योजना बनाउँदा बालबालिकाहरूलाई अनिवार्य सहभागी गराई उनीहरूको राय लिनुपर्छ। बालबालिकाको माग र आवश्यकता अनुसार नै योजना निर्माण र कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौँ। कार्यक्रममा रतौली युवा क्लबका अध्यक्ष साकिर खान तथा रेडियो मिथिलाका स्टेशन मेनेजर इर्शादले विद्यालयमा बालबालिकाले भोगिरहेका विभिन्न समस्याहरू जनप्रतिनिधिकै उपस्थितिमा उजागर गरेका थिए। उक्त कार्यक्रम सेभ द चिल्ड्रेन, रतौली युवा क्लब र जलेश्वर नगरपालिकाको सहकार्य तथा सहयोगमा सम्पन्न भएको आयोजकले जनाएको छ।

# कार्बन व्यापारबाट नेपालले उचित लाभ लिन नसकेकोमा महालेखाको प्रश्न

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ जेठ




पर्यावरण संरक्षण गरी कार्बन उत्सर्जन न्यूनीकरणका लागि नेपालले उल्लेखनीय प्रयास गरे पनि त्यसबाट उचित आर्थिक लाभ हासिल गर्न नसकेकोमा महालेखा परीक्षकको कार्यालयले गम्भीर प्रश्न उठाएको छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा २८ मा सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तर्राष्ट्रिय सन्धिहरूबाट स्थापित संयन्त्रमा भाग लिन पाउने स्पष्ट कानुनी व्यवस्था छ। यस ऐनले विदेशी सरकार, संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा सहभागी हुन मार्गप्रशस्त गरेको छ। तर, अन्तर्राष्ट्रिय बजारमा कार्बन बिक्रीका लागि आयोजनाहरूलाई 'गोल्ड स्ट्यान्डर्ड' मा दर्ता र प्रमाणीकरण गर्नुपर्ने अनिवार्य व्यवस्था भए पनि समयमै सो प्रक्रिया पूरा नहुँदा नेपालले ठूलो आय आर्जन गर्ने अवसर गुमाइरहेको छ। त्यसका लागि अन्तर्राष्ट्रिय स्तरमा मान्य हुने आवश्यक 'टेम्प्लेट' समेत तयार हुन सकेको छैन। नेपालले जलवायु परिवर्तनको गम्भीर असर भोगिरहेको छ। हिमाली क्षेत्रमा यसको अत्यधिक प्रभाव परेको छ भने पानीका मूल सुक्ने, अतिवृष्टि र अनावृष्टि जस्ता समस्याहरू बढ्दै गएका छन्।

# विश्व उच्च रक्तचाप दिवसमा जनचेतना मूलक कार्यक्रम "रक्तचाप नियन्त्रण सबैको साझा जिम्मेवारी"

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ३ जेठ



विश्व उच्च रक्तचाप दिवसको अवसरमा जनकपुरधाममा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सम्पन्न भएका छन्।

स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित प्रभातफेरि, निःशुल्क स्वास्थ्य परीक्षण शिविर तथा जनचेतनामूलक सन्देश प्रवाह कार्यक्रमहरू आयोजना गरिएको हो। कार्यक्रममा लायन्स क्लब अफ जनकपुरधाम, लायन्स क्लब अफ जनकपुरधाम गार्गी, लियो क्लब अफ जनकपुरधाम तथा लियो क्लब अफ जनकपुरधाम क्यापिटलको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको आयोजकले जनाएको छ। कार्यक्रममा सहभागीहरूले "स्वस्थ जीवनशैली अपनाऔं, नियमित जाँच गराऔं" भन्ने नारासहित नगर क्षेत्रमा प्रभातफेरि गर्दै जनचेतनामूलक सन्देश प्रवाह गरेका थिए। लायन्स क्लब जनकपुरका सक्रिय सदस्य तथा जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० का वडा सचिव जमुना भुजेलले उच्च रक्तचापलाई "मौन हत्यारा"को रूपमा चित्रण गर्दै सबै नागरिकलाई नियमित स्वास्थ्य परीक्षण, सन्तुलित आहार र स्वस्थ जीवनशैली अपनाउन आग्रह गर्नुभयो। त्यसैगरी प्रादेशिक अस्पतालका मुटुरोग विशेषज्ञ डा. राजेश साहले उच्च रक्तचाप नियन्त्रण केवल चिकित्सकको प्रयासले मात्र सम्भव नहुने बताउनुभयो। उहाँका अनुसार परिवार, समाज र सम्पूर्ण पक्षको साझा प्रयास आवश्यक रहेको उल्लेख गर्दै समयमै परीक्षण, औषधि सेवनमा नियमितता, धूम्रपान तथा मद्यपान त्याग, नियमित व्यायाम र

बांकी पृष्ठ ४ मा।

# 'युनिभर्सिटी अफ गुण्डाज' मा सलिनमानको जोडी जापानिज मिना

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ जेठ



फिल्म 'युनिभर्सिटी अफ गुण्डाज' मा अभिनेता सलिनमान बनियाँको जोडी जापानिज मिना यशोदा बन्ने भएकी छन्। निर्माण टिमले फिल्मको अभिनेत्रीका रूपमा यशोदालाई अनुबन्धित गरेको हो। नेपाल र जापान दुवैको पारिवारिक पृष्ठभूमि (बुवा नेपाली र आमा जापानी) भएकी मिनाले यसै फिल्मबाट अभिनयमा डेब्यु गर्न लागेकी हुन्। यशोदा जापानमै बस्दै आएकी छन्।

निर्माण पक्षले यशोदाको बारेमा थाप जानकारी केही पछि दिने भएको छ। सलिनमानकै कथा रहेको फिल्म सुरेश न्यौपानेले निर्देशन गर्दैछन्। फिल्मको मुख्य भूमिकामा सलिनमान र मिनाको अलवा सलोन बस्नेत पनि देखिनेछन्। फिल्ममा सौरभ लामा (डिओपी), मन्दिप गौतम (स्क्रिन प्ले), रोमन बज्राचार्य (ब्याकग्राउण्ड स्कोर), सम्राट बस्नेत (एक्सन निर्देशन), मनोज श्रेष्ठ (भिएफएक्स), बन्दे प्रसाद (सम्पादन तथा ट्रेलर), मुकेश शाह (साउन्ड डिजाइन) र राजेन्द्र मोक्तान (कलर) मा काम गर्दैछन्।

फिल्मको प्रोडक्सन म्यानेजरमा सुवास काफ्ले रहेका छन्। फिल्म प्रि-प्रोडक्सनमा रहेकोले छिट्टै छायाङ्कन जाने तयारी भइरहेको प्रोडक्सन म्यानेजर सुवास काफ्ले बताए।

# विश्वकप उपाधिमा युरोप र ल्याटिन अमेरिकी राष्ट्रकै दबदबा, कसले कतिपटक जिते ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ जेठ



फिफा विश्वकप २०२६ जुन ११ देखि पटक तीन फरक देशमा संयुक्त रुपमा आयोजना हुन लाग्दा अहिलेसम्मकै सर्वाधिक ४८ राष्ट्रले प्रतिस्पर्धा गर्दैछन्।

पहिलो पटक ४८ राष्ट्र सहभागी हुँदा विश्वकपको अवधि लम्बेर ३९ दिन पुगेको छ भने खेलपनि अहिलेसम्मकै धेरै १०४ खेल हुनेछ। यस्तोमा विश्वकपमा कस्तो प्रतिस्पर्धा होला, कुन टिमले उपाधि जित्ला, कुन टिमले अप्रत्यासित नतिजा ल्याउला, को उत्कृष्ट खेलाडी बन्ला भन्ने जिज्ञासा सबैको मनमा छ।

त्यसमा पनि सबैभन्दा मुख्य कौतुहलता नै विश्वकप कसले जित्ला भन्ने नै हुन्छ। त्यसमा युरोप वा दक्षिण अमेरिकी टिममध्ये नै कुनै एकले जित्ने सम्भावना बढी हुन्छ। अहिलेसम्म एसिया र दक्षिण अफ्रिकाबाट एक-एक टिम मात्र सेमिफाइनलसम्म पुग्न सकेका छन्। युरोप र दक्षिण अमेरिका बाहिरका टिमहरूले विश्वकप जित्न अझै केही वर्ष कुर्नुपर्ने देखिन्छ। यस पटक टिम संख्या बढ्दा कतै नयाँ टिम पो च्याम्पियन बन्छ कि भन्ने चर्चा पनि हुन्छ। तर कसले उपाधि जित्छ भनेर थाहा पाउन जुलाई ११ सम्मै पर्खनुपर्ने हुन्छ।

पहिलो पटक तीन फरक राष्ट्र मेक्सिको, अमेरिका र क्यानडाले संयुक्त रुपमा विश्वकप आयोजना गर्न लाग्दा यो अर्को कीर्तिमान बनिसकेको छ।

# धनुषाधाममा आमा-छोराको शंकास्पद मृत्यु, परिवारको गम्भीर आरोप- "हत्या गरेर आत्महत्या जस्तो बनाइयो"

डी एस मण्डल
जनकपुरधाम, ३ जेठ




धनुषाको धनुषाधाम नगरपालिका-७ किसानपुरमा २४ वर्षीया बबिता साह र उनका १८ महिनाका छोराको शंकास्पद मृत्यु भएपछि घटनाले गम्भीर रुप लिएको छ। घटनालाई लिएर मृतकका माइती पक्षले योजनाबद्ध हत्या भएको आरोप लगाउँदै निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

गत वैशाख २४ गते बबिता साह आफ्नै घरभित्र झुण्डिएको अवस्थामा फेला परेकी थिइन् भने उनका नाबालक छोरा पनि मृत अवस्थामा भेटिएका थिए। प्रारम्भिक अनुसन्धानपछि जिल्ला प्रहरी कार्यालय धनुषाले घटनालाई "छोराको हत्या पछि आत्महत्या" हुनसक्ने अनुमान सार्वजनिक गरेको थियो। तर मृतक परिवारले प्रहरीको प्रारम्भिक निष्कर्षप्रति गम्भीर असन्तुष्टि जनाएको छ। आइतबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मृतक बबिताकी आमा बिणा देवी साहले छोरी र नातिको हत्या गरेर घटनालाई आत्महत्या जस्तो देखाउन खोजिएको आरोप लगाइन्। उनले घटनाको राति घरभित्र तीव्र विवाद भएको दाबी गर्दै परिवारका सदस्यहरूमाथि प्रत्यक्ष शंका व्यक्त गरिन्।

उनका अनुसार वैशाख २३ गते राति बबिताको आफ्ना ससुरा प्रमोद साह, जेठाजु विरेन्द्र साह, सासु तथा जेठानीसँग घरायसी विषयलाई लिएर विवाद भएको थियो। "मेरो छोरी शिक्षित, आत्मविश्वासी र केही गर्न चाहने स्वभावकी थिइन्। त्यही कुरा घरकालाई मन पर्दैनथ्यो," उनले भावुक हुँदै भनिन्। बिणा देवी साहका अनुसार बबिताका पति धर्मेन्द्र साह केही समयअघि मात्रै वैदेशिक रोजगारीबाट घर फर्किएका थिए र घटना हुनु केही दिनअघि पुनः विदेश गएका थिए। घटनापछि माइती पक्षले निरन्तर निष्पक्ष अनुसन्धानको माग गर्दै आए पनि अहिलेसम्म सत्य बाहिर नआएको उनीहरूको गुनासो छ। परिवारले घटनाको सूक्ष्म अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन सरकार, प्रहरी प्रशासन तथा मानवअधिकारकर्मीहरूको ध्यानाकर्षण गराएको छ।

उता जिल्ला प्रहरी कार्यालय धनुषाले घटनाबारे अनुसन्धान जारी रहेको जनाएको छ। प्रहरीले पोस्टमार्टम रिपोर्ट, घटनास्थलको अवस्था, मोबाइल विवरण तथा पारिवारिक पृष्ठभूमिका आधारमा थप अनुसन्धान भइरहेको जानकारी दिएको छ। स्थानीयवासीले पनि घटनालाई सामान्य रूपमा लिन नहुने भन्दै सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन्। दुई जनाको एकैसाथ भएको मृत्युले धनुषाधाम क्षेत्र अहिले स्तब्ध बनेको छ।

# विकासका लागि लगानीको वातावरण

-प्राकृतिक स्रोत र साधनको प्रचुरता रहेको नेपालजस्तो मुलुकमा सबैभन्दा बढी फस्टाउनुपर्ने क्षेत्र सेवा हो । तर अस्वस्थ प्रतिस्पर्धा, राजनीतिक अस्थिरता, लगानीमैत्री वातावरणको असहजता जस्ता कारण यो क्षेत्र थप प्रभावित हुन पुगेको छ । विश्व अर्थव्यवस्थामा लगानी दर घट्दै जाँदा, मुद्रास्फीति दर बढ्नाले अनिश्चितता र प्रतिस्पर्धा जस्ता समस्या देखापरेका छन् । नेपालमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान फरक-फरक भए पनि लगानीमैत्री वातावरणको अभावले आर्थिक प्रगति अपेक्षाअनुसार हुन सकेको छैन । सरकारले लगानी सुरक्षाको प्रत्याभूति, कानुनी सुधार र पूर्वाधार विकासमा जोड दिन सके मात्र रोजगारी र प्रतिव्यक्ति आयमा वृद्धि सम्भव छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ को जनवरीमा प्रकाशित गरेको विश्वव्यापी आर्थिक परिदृश्यमा गरेको अनुमान अनुसार सन् २०२६ मा विश्वको आर्थिक वृद्धि ३ दशमलव ३ प्रतिशत हुने आकलन छ । यही दर सन् २०२७ मा शून्य दशमलव १ प्रतिशतले घट्न गई ३ दशमलव २ प्रतिशतमा खुम्चने भनिएको छ । यसलाई प्रभाव पार्ने तत्त्वहरूमा घट्दो लगानी दर, घटबढ भइरहने आर्थिक नीतिहरू, कृत्रिम बौद्धिकता तथा निजी क्षेत्रमा बढ्दो क्रममा रहेको अनुकूलन भनेर उल्लेख गरिएको छ । यहाँ अनुकूलन भन्नाले आफूअनुकूल वातावरण निर्माण गराउनु तथा हुनु हो । तर सन् २०२५ को अन्तिम तथा २०२६ को पहिलो त्रैमासिकलाई तुलना गर्दा यो दर न त बढेको, न त घटेको पाइन्छ । अर्थव्यवस्थामा अर्थतन्त्र यथास्थानमा रहनु राम्रो मानिन्न । सन् २०२५ र २०२६ लाई तुलना गर्दा मुद्रास्फीति दर पनि बढदो दरमा हुने आकलन गरिएको छ । यसरी क्रमिक दरमा बढ्दो मुद्रास्फीति दरले लगानीमा अनिश्चितता, ब्याजदरमा बढोत्तरी, आयमा असमानता, अन्तर्राष्ट्रिय बजारमा तीव्र प्रतिस्पर्धा जस्ता मूलभूत समस्या निम्त्याउन सक्छ । वर्तमानमा नेपाली राजनीतिको माहोल अरू समयभन्दा फरक छ- राज्यप्रणाली र आर्थिक सुधारका हिसाबले । नेपालका अर्थव्यवस्था तय गर्ने इकाईहरू अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा नेपाल राष्ट्र बैंकमा मुलुकका अर्थतन्त्र र विकास बुझेका अर्थशास्त्रीहरू रहेका सर्वविदितै छ । सरकारले विश्व अर्थव्यवस्था बुझेका सशक्त अर्थशास्त्रीलाई अर्थमन्त्रीका रूपमा पाएको छ । विगत दुई-चार वर्षयता नेपालमा चल्दै आएको आर्थिक मन्दीले थलिएको आन्तरिक अर्थव्यवस्था तथा वर्तमानमा मध्यपूर्वको टकरावले निम्तिएको चर्को मूल्यवृद्धिका बीच बजेट निर्माण गर्नु वर्तमान सरकारको प्रमुख चुनौती हो ।

नेपालको आर्थिक संरचना तीन हिसाबले निर्माण भएको पाइन्छ, प्रथम, द्वितीय र तृतीय । प्रथम क्षेत्रअन्तर्गत कृषिजन्य उत्पादन रहेका छन् । नेपाली बजारमा यस क्षेत्रको सबैभन्दा बढी योगदान भए पनि यसको प्रभावकारिता भने घट्दो क्रममा छ । विकसित मुलुकमा आधुनिक कृषि प्रणालीको विकासका लागि सरकारको योगदान भने उच्च हुन्छ, नेपालमा त्यस्तो पहलकदमी पाइँदैन । नेपालमा वि.सं. २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान २५ दशमलव ६ प्रतिशत छ । द्वितीय क्षेत्रका रूपमा उद्योगजन्य उत्पादन, उत्पादन मूलक क्षेत्र तथा निर्माण रहेका छन्, जसको योगदान १२ दशमलव ४ प्रतिशत छ । उत्पादन क्षेत्रको योगदान ज्यादै न्यून हुनु अर्थव्यवस्थाको चलायमानतामा कमी हुनु बुझिन्छ ।

मुलुकमा बढ्दो विप्रेषण कारण यो क्षेत्र थप घट्दो क्रममा रहेको छ । यसको मतलब विप्रेषणले उत्पादनमूलक क्षेत्रमा सहयोग पुग्न सकेन भन्ने हो । सेवामा आधारित क्षेत्रहरू वा सेवामूलक क्षेत्रहरू तृतीय क्षेत्रअन्तर्गत पर्छन् । उदाहरणका रूपमा बैंकिङ, स्वास्थ्य, पर्यटन, बिमा आदि । प्राकृतिक स्रोत र साधनको प्रचुरता रहेको नेपालजस्तो मुलुकमा सबैभन्दा बढी फस्टाउनुपर्ने क्षेत्र सेवा हो । तर अस्वस्थ प्रतिस्पर्धा, राजनीतिक अस्थिरता, लगानीमैत्री वातावरणको असहजता जस्ता कारण यो क्षेत्र थप प्रभावित हुन पुगेको छ । वर्तमानमा यस तृतीय क्षेत्रको अर्थतन्त्रमा योगदान ६२ प्रतिशत रहेको छ । अमेरिकी उच्च भन्सार दरको प्रभाव एसिया तथा दक्षिण एसियामा परेको देखिन्छ, जसका कारण नेपालजस्ता भूपरिवेष्टित मुलुक थप मारमा परेका छन् । यसै हिसाबमा विगतमा नेपालका दुई ठूला छिमेकी मुलुक भारत, चीनसमेतको अमेरिकासँगको



व्यापार सुस्ताएको सहजै अनुमान गर्न सकिन्छ । यसै हिसाबमा भारत-अमेरिका तथा चीन-अमेरिकाबीचको व्यापारको क्रम निकै नै तल झरेको विश्लेषण गरिन्छ । पछिल्लो समय नेपालका बैंकहरूमा तरलता बढ्दा अपेक्षा अनुसारको आर्थिक प्रगति हुन सकिरहेको देखिन्न । यसैकारण वर्तमानमा अमेरिकामा समेत वस्तुको मूल्य अकासिने क्रममा छ । यसो हुनुको प्रथम कारण उच्च भन्सार दर कायम रहेका तथा घटाइएका मुलुकले अविश्वासका कारण अमेरिकामा निर्यात गर्न चाहिरहेका छैनन् भने हो । दोस्रो, मध्यपूर्वमा निम्तिएको युद्ध र त्यसले निम्तिएको ऊर्जा संकटबाट सिर्जना भएको उच्च मुद्रास्फीति दर हो । विश्व अर्थव्यवस्थामा क्षेत्रीय असन्तुलनलाई बहुसंकट निम्त्याउन सक्ने महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ ।

यसलाई न्यूनीकरण गर्न क्षेत्रीय संगठनको आवश्यकतालाई महसुस गरी विश्वव्यापी रूपमा यस्ता संगठनहरूको स्थापना तथा सञ्चालन गरिने गरेको इतिहास छ । यी क्षेत्रीय संगठनहरूको उद्देश्य व्यापार प्रवर्द्धन, आर्थिक कूटनीति सवलीकरण, आयात-निर्यातमा टेवा जस्ता काम पर्दछन् । पछिल्लो समय यी संगठनहरूले आन्तरिक स्रोत निर्माणमा ध्यान दिनाले यसको निष्क्रियता बढ्दो छ । आजभन्दा करिब ५ वर्षअघि मात्र कोभिडले थिलथिलो बनाएको विश्व अर्थतन्त्रलाई वर्तमानमा मध्यपूर्व तथा रसिया-युक्रेन द्वन्द्वले बल पुऱ्याउँदा बहुसंकटको अवस्था आउन सक्छ । विश्व अर्थव्यवस्थामा त्यसको उन्मूलन कठिन काम हो, तर निवारण भने सहज हुन सक्छ । जसका लागि स्थानीयकरण, उत्पादनको पुनर्प्रयोग, कूटनीतिक भ्रातृत्व, वातावरणमैत्री वस्तुको उपयोग आदिमा जोड दिनुपर्छ ।

**साभार : कान्तिपुर ।**

---

## *हलुवाई समाज नेपाल..........*

साह चयन भएका छन् । त्यसैगरी कोषाध्यक्षमा शुसिता कुमारी साह चयन भएकी छन् । सचिव पदमा मोनु गुप्ता, उपेन्द्र साह, गोपाल साह तथा अनिता देवी साह चयन भएका छन्। सदस्यहरूमा प्रदीप कुमार राय, कामेश्वर साह, दुर्गा प्रसाद साह, जित नारायण साहसहित २१ सदस्यीय कार्यसमिति गठन गरिएको छ । त्यसैगरी सल्लाहकारमा अर्जुन साह, सीताराम साह, गंगा प्रसाद साह तथा सुरेन्द्र साह चयन भएका छन् । अधिवेशनले हलुवाई समुदायको हकहित संरक्षण, सामाजिक एकता तथा संगठनलाई जिल्लास्तरमा अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।


## *विश्व उच्च रक्तचाप.............*

मानसिक तनाव व्यवस्थापनलाई मुख्य आधारका रूपमा अपनाउनुपर्नेमा जोड दिनुभयो । स्वास्थ्यकर्मीहरूले उच्च रक्तचाप समयमै नियन्त्रण नगरे हृदयघात, स्ट्रोक तथा अन्य जटिल रोगहरूको जोखिम बढ्ने चेतावनीसमेत दिएका छन् । कार्यक्रम अन्तर्गत निःशुल्क स्वास्थ्य परीक्षण शिविरमा सहभागी स्थानीय बासिन्दाहरूको रक्तचाप जाँच गरिएको थियो भने आवश्यक परामर्श समेत प्रदान गरिएको आयोजकले जनाएको छ ।

## *एकडारामा आम समुदाय........*

सरोकारवालाहरूसँग प्रत्यक्ष प्रश्न राखेका थिए । जनताका जिज्ञासा र प्रश्नहरूको जवाफ दिँदै वडा अध्यक्ष सखीचन्द्र यादवले स्थानीय स्तरमा सुशासन कायम गर्न र योजनाहरूलाई थप पारदर्शी एवं समुदायमुखी बनाउन आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरूलाई आगामी नीति तथा कार्यक्रममा समेट्दै लैजाने प्रतिबद्धतासमेत जनाउनुभयो । वडा अध्यक्ष यादवकै अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको सुरुवाती चरणमा ज्ञात-अज्ञात वीर शहीदहरूप्रति सम्मान प्रकट गर्दै एक मिनेट मौन धारण गरिएको थियो ।

तत्पश्चात राष्ट्रिय गानको धुनसँगै कार्यक्रमलाई औपचारिक रूपमा अगाडि बढाइएको थियो । कार्यक्रममा आमन्त्रित अतिथिहरूलाई माला तथा गम्छा ओढाएर स्वागत गरिएको थियो भने स्वागत मन्तव्य काजल नागवंशीले राख्नुभएको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, भद्रभलाद्मी, बुद्धिजीवी, सञ्चारकर्मी तथा ठूलो संख्यामा युवा एवं आम सर्वसाधारणको उपस्थिति रहेको थियो ।




**महिला हिंसा**

**हिंसाले भत्काउछ सम्बन्ध सारा, मायाले जोडछ परिवार सारा ।**

**आदर बढाऔं, रिस घटाऔं, महिला हिंसा रहित सुन्दर परिवार बनाऔं ।**

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday